# REGIONAL NEWS UNIT

BROADCAST: 18:40 hrs Date: 04.10.2025

## 1. PM – Youth Projects - NSD

प्रधानमन्त्री नरेन्द्र मोदीले आज ६२,००० करोड रुपियाँभन्दा बढी मूल्यका विभिन्न युवा पहलहरू सुरु गर्नुभयो। यी युवा-केन्द्रित पहलहरूले देशमा शिक्षा, सीप र उद्यमशीलतालाई प्रवर्द्धन गर्नेछन्। नयाँ दिल्लीको विज्ञान भवनमा आयोजित कौशल दीक्षित समारोहमा, प्रधानमन्त्रीले औद्योगिक प्रशिक्षण संस्थानहरू (ITIs) मार्फत प्रधानमन्त्री कौशल र रोजगार परिवर्तन (PM-SETU) को सुरुवात गर्नुभयो। यो योजनाले देशभरका १,००० सरकारी औद्योगिक प्रशिक्षण संस्थानहरूको स्तरोन्नति गर्ने लक्ष्य राखेको छ।

## 2. Governor – Haryana-Desk

राज्यपाल ओम प्रकाश माथुरले बाबा मस्तनाथ विश्व विद्यालय, रोहतक, हरियाणाको तत्वावधानमा आज आयुर्वेद महाविद्यालयका पूर्व विद्यार्थीहरूको सम्मेलन "संजीवनी संगम २०२५" मा प्रमुख अतिथिको रूपमा भाग लिनुभयो। यस शैक्षिक तथा आध्यात्मिक जमघटलाई सम्बोधन गर्दै राज्यपालले आयुर्वेद केवल एक चिकित्सा प्रणाली मात्र नभई भारतको सांस्कृतिक सम्पदाको जीवन्त प्रतीक पनि भएको बताउनुभयो। उहाँले योग र आयुर्वेद भारतका अनुपम उपहार हुन्, जसलाई प्रधानमन्त्री नरेन्द्र मोदीले

विश्व मञ्चमा स्थापित गर्नुभएको छ भन्नुभयो। कार्यक्रममा राजस्थान सरकारका वातावरणमन्त्री, हरियाणा सरकारका सूचना आयुक्त, विश्वविद्यालयका कुलपति तथा विधायक, संकाय सदस्यहरू र विशिष्ट अतिथिहरूको उपस्थिति रहेको थियो।

3. Amar Subba – Desk

सिक्किमका म्याराथन म्यान, अमर सुब्बाले मलेशियाको ताइपेइङमा सञ्चालित ५० किलोमिटर दौड समूहमा अल्ट्रा ट्रेल सफलतापूर्वक पूरा गरेर आफ्नो विश्व उमेर समूहमा ११ औं स्थान हासिल गर्न सफल हुनुभएको छ। सात सय धावकहरूको विश्वव्यापी वरीयतामा उहाँले १२१ औं स्थान हासिल गर्नुभयो। यस समूहमा तीन भारतीय सहभागीहरू मध्ये, उहाँले उच्चतम श्रेणी हासिल गर्नुभएको हो। मलेसिया अल्ट्रा ट्रेल एशियाकै सबैभन्दा चुनौतीपूर्ण ट्रेल दौडहरू मध्ये एक हो। श्री सुब्बाले यस कठिन र चुनौतीपूर्ण दौडमा लचिलो प्रदर्शन गर्नुभयो र प्रतिस्पर्धात्मक मनोभावलाई कायम राख्नुभयो। दौड पछि आफ्नो अनुभव साझा गर्दै श्री सुब्बाले विश्वभरका अनुभवी र कुशल खेलाडीहरूमाझ आफूले सिक्किम र भारतलाई विश्वव्यापी मञ्चमा प्रतिनिधित्व गर्न पाउँदा सम्मानित र अपार गर्व महसुस गरिरहेको बताउनुभयो।

4. Chongrang Block - Adi Sewa Parv - Desk

आदि सेवा पर्वको ब्यानरमा गेजिङ खण्डमा विभिन्न गतिविधिहरू आयोजना गरिएका छन्। यसमा पञ्चायत प्रतिनिधिहरू, लाइन विभागका अधिकारीहरू, युवा समूहहरू र समुदायका सदस्यहरूको सक्रिय सहभागिता रहेको थियो। आदि कर्मयोगी अभियानको उद्देश्यसँग मिल्दोजुल्दो यो पर्व आदिवासी क्षेत्रहरूको कुनाकाप्चीमा पनि शासन, सेवा

वितरण र सामुदायिक सशक्तिकरणलाई प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको हो। प्राप्त जानकारीअनुसार यस्ता गतिविधिहरू आगामी हप्ताहरूमा पनि जारी रहनेछन्।

5. Accident – Kirne – Wangchuk Bhutia

हिजो साँझ राष्ट्रिय राजमार्ग १०, किर्नेमा भएको एक दुखद सडक दुर्घटनामा चार जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन्। साँझ साढे सात बजेतिर सिलिगुडीको पत्थर जोरबाट गान्तोकतर्फ जाँदै गरेको वैगनआर दुर्घटनामा परेको थियो। गाडीमा सवार सबै सात जना गान्तोकको बोजोघारीका बासिन्दा भएको पहिचान गरिएको छ। स्थानीयवासी, टिस्टा रंगीत उद्धार केन्द्रका सदस्यहरू र पश्चिम बंगालका रेलवे कर्मचारीहरूले घटनास्थलबाट घाइतेहरूलाई उद्धार गरेका थिए। पछि टिस्टा रंगीत उद्धार केन्द्रको एम्बुलेन्सको सहयोगमा उपचारको लागि नजिकैको अस्पतालमा लगिएको थियो। दुर्घटनाको ठोस कारण पत्ता लगाउन प्रयास जारी छ।

6. Flash Flood Risk in Bihar, Sikkim, and North Bengal: IMD Issues Alert

मौसम विज्ञान विभाग, गान्तोकले आगामी २४ घण्टामा बिहार, सिक्किम र उप-हिमालयी पश्चिम बंगालका धेरै जिल्लाहरूमा अचानक बाढी आउन सक्ने चेतावनी जारी गरेको छ। विभागले २५३ मिमी सम्मको अत्यधिक भारी वर्षाको पूर्वानुमान गरेको छ। विभागले बासिन्दाहरूलाई सतर्क रहन, जोखिमयुक्त क्षेत्रहरूमा नजान र स्थानीय अधिकारीहरूले दिएका दिशानिर्देशहरू पालना गर्न सल्लाह दिएको छ।